# विराटनगर महानगरपालिका

बैठक संख्याः ७२ | बैठक प्रारम्भः विहान ११ : ०० बजे

मितिः २०७७/५/१३ | बैठक स्थगनः १२ : ३० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |

| | | | |
|---|---|---|---|
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री इन्द्रमणि पोखरेल | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३१ | आ.सहयोगी | राजेन्द्र प्रधान | |
| ३२ | आ.सहयोगी | केवल पोखरेल | |
| ३३ | आ.सहयोगी | धिरज राई | |

**प्रस्ताव तथा निर्णय :**

**निर्णय नं. १**

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय मातहतमा खटिने दैनिक ज्यालादारीका जनशक्ति तथा महिला स्वास्थ्य स्वयम्सेविकाहरुको कोभिड-१९ वीमा वापत लाग्ने वीमा शूल्क प्रतिव्यक्ति रु. ३००।० का दरले हुने रकम महानगरपालिकाले व्यहोर्ने निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. २**

विराटनगर महानगरपालिकाले विश्व्यापी महामारी कोभिड-१९ नियन्त्रणका लागि सञ्चालन तथा व्यवस्थापन गरेको क्वारेन्टाइन स्थलहरुलाई प्रदेश सरकारको समन्वयमा आइसोलेसन सेन्टरको रुपमा व्यवस्थापन गरिएको हुँदा उक्त आइसोलेसनमा राखिएका संक्रमित व्यक्तिहरुलाई पोषणयुक्त खाना व्यवस्थापन गर्न साविकको स्वीकृत दर रु.२५०।० मा थप रु.१५०।० गरी प्रतिदिन रु.४००।० उपलब्ध गराउने निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. ३**

विराटनगर महानगरपालिका वडा नं.१६ स्थित रानी एरियामा  कम्पाउण्ड घेरिएको जग्गामा स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा मार्फत भारतवाट स्थलमार्ग हुदै स्वदेश आउने नेपालहरुका लागि हेल्प डेस्क निर्माण गर्नका लागि करिव ६०० वर्ग मिटर जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

विराटनगर महानगरपालिकाको फोहोरमैला ब्यवस्थापनको साझेदार संस्था वेस्ट मेनेजमेन्ट ग्रूप प्रा.लि.मा कार्यरत सरसफाईकर्मीलाई विश्व्यापी महामारी कोभिड-१९ नियन्त्रणमा सहयोग पुर्‍याउनका लागि पिपिई र गमवुट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

विराटनगर महानगरपालिकाले समुदायस्तरमा फैलिएको कोभिड-१९ नियन्त्रण तथा न्युनिकरणका लागि पिसिआर जांचमा सहज र सरल बनाउनका लागि नगर क्षेत्रका विभिन्न उद्योगपति, समाजसेबी अन्य महानुभावहरुवाट खरिद गरि महानगरपालिकालाई पिसिआर मेशिन रकम रु.२८,००,०००।०० (भ्याट बाहेक) प्राप्त भएको सो मेशिन कोशी अस्पताल, विराटनगरलाई हस्तान्तरण गरिएको, र उक्त पिसिआर मेशिन उपलब्ध गराउने दाताहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

नगर प्रमुख श्री भीम पराजुलीलाई मासिक तलव भत्तावाट कट्टाहुने गरि उपलब्ध गराएको पेशिक रकम रु. ५ लाखलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

भू-उपयोग कार्यान्वयन उप-समितिवाट प्राप्त भू-उपयोग कार्यविधि २०७७ को मस्यौदा अध्ययनका लागि सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८**

११ नं. वडा कार्यालयमा विद्युत सम्बन्धी कामकाजको लागि दैनिक ज्यालादारीमा कार्यरत विश्वेश्वर पासवान कोभिड-१९ बाट संक्रमित भएको र निजको श्रीमती समेत विरामी भई शल्यक्रिया गर्नुपर्ने भएको हुँदा निज पासवानलाई महानगरपालिकाको तर्फबाट रु.२५,०००।० ( पच्चिस हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

विराट अस्पताल प्रा.लि.का कार्यकारी निर्देशक डा.ज्ञानेन्द्रमान सिंह कार्कीले उक्त अस्पतालमा कोभिड-१९ को संक्रमण फैलिएपछि महानगरपालिकाले चालेको कदमको विषयमा सञ्चारमाध्यममा महानगरपालिकाप्रति निन्दाजनक भाषा प्रयोग गरेको प्रति खेद प्रकट गर्ने निर्णय गरियो ।